# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः ८३ मितिः २०८३।०१।१५ गते

### भाग – २

### स्टार्टअप उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

कार्यपालिकामा पेश मितिः २०८२।१२।२३ गते
कार्यपालिकाबाट पारित मितिः २०८२।१२।२३ गते
प्रमाणिकरण मितिः २०८२।१२।२३ गते
राजपत्रमा प्रकाशित मितिः २०८३।०१।१५ गते

प्रस्तावनाः नौगाड गाउँपालिकामा रहेका बेरोजगार युवाहरुको नवीनतम ज्ञान, सीप र क्षमतालाई स्थानीय तहमै स्वरोजगार हुन उत्प्रेरित गर्न, वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थाको अन्त्य गर्न, बैदेशिक रोजगारीबाट आर्जन गरेका ज्ञान, सीप तथा पुँजीलाई स्थानीय तहमा रोजगारी तथा स्वरोजगार सृजना गरी आत्मनिर्भर बनाउन सहुलियतपुर्ण कर्जा लगानी गर्न र लगानी गरेको कर्जा असुलीलाई नियमित र प्रभावकारी बनाउँन वाञ्छनीय भएकाले,स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ प्रयोग गरी नौगाड गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

स्टार्टअप उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

१.**संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम "स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नौगाड गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२.**परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले नौगाड गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "वडा कार्यलाय" भन्नाले नौगाड गाउँपालिकाको ६ वटै वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले नौगाड गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) "उद्यम" भन्नाले दफा ४ बमोजिमको योग्यता पुगेका उद्योग, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ङ) "कर्जा" भन्नाले उद्यमको लागि प्रदान गरिने कर्जा सम्झनुपर्छ।

(च) "क्रेडिट अप्राइजल" भन्नाले कर्जा सुविधाको लागि आवेदन गरेको कुनै उद्यमीको बैंक बाट वित्तीय स्थिति र ऋणको योग्यता मूल्याङ्कन गर्ने प्रक्रिया सम्झनुपर्छ।

(छ) "बैंक" भन्नाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने जिम्मेवारी तोकिएको सरकारी स्वामित्वको वाणिज्य बैंक सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा (१०) बमोजिमको गठन भएको कर्जा लगानी समिति सम्झनु पर्छ।

(झ) "स्टार्टअप उद्यम" भन्नाले वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरण मानवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रूपमा सञ्चालन हुन सक्ने उद्यमलाई स्टार्टअप उद्यम सम्झनु पर्छ र सो शब्दले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय समेत लाई जनाउँछ।

(ञ) "सहकारी संस्था" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको सहकारी संस्था सम्झनुपर्छ र यो सब्द सहकारी बैङ्क समेत जनाउँदछ।

(ट) "परिवार" भन्नाले एकाघरमा वसेका पति, पत्नी, आमा, बुवा, छोरा, बुहारी, अविवाहित छोरी, दाजु वा भाई सम्झनु पर्छ।

(ठ) "प्रस्ताव" भन्नाले गाउँपालिकाबाट लिने कर्जा र आफ्नो रकम समेत लगानी गरी कुनै व्यवसाय सञ्चालन गर्न तयार पारिएको परियोजना प्रस्ताव र सोसँग सम्बन्धित चलअचल सम्पतीको विवरण सम्झनु पर्छ।

स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

(ड) "बेरोजगार" भन्नाले कुनै पेसा, व्यवसाय वा आय आर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्दछ।

(ढ) "संस्थाका सञ्चालक" भन्नाले सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्जा उपसमिति र व्यवस्थापनमा रहेका कर्मचारी समेत सम्झनुपर्छ।

(ण) "वैदेशिक रोजगार" भन्नाले भारत बाहेकका देशमा नेपाल सरकारबाट श्रम स्वीकृती प्रक्रिया पुरा गरी रोजगारीका लागि जाने प्रक्रियालाई सम्झनु पर्दछ।

(त) "वैदेशिक रोजगार बाट फर्केका व्यक्ति" भन्नाले भारत बाहेकका देशमा नेपाल सरकारबाट श्रम स्वीकृती प्रक्रिया पुरा गरी कम्तिमा २ (दुई) वर्ष रोजगारी गरी फर्केको व्यक्ति सम्झनु पर्दछ।

(थ) "अनुगमन समिति" भन्नाले दफा २१ बमोजिमको समिति सम्झनु पर्दछ।

(द) "कोष" भन्नाले स्टार्टअप उद्यम कर्जा संचालनको लागि बनाईएको कर्जा कोष सम्झनु पर्दछ।

३. <u>**स्टार्टअफ कर्जा कोषः**</u> (१) गाउँपालिकामा स्टार्टअप कर्जा प्रवाह कार्यका लागि स्टार्टअप कर्जा कोष शिर्षक कायम गरिनेछ।

(२) कोषबाट युवाहरुलाई कर्जा लागानी समितिको सिफारिसमा सहुलियत पूर्ण स्टार्टअफ उद्यम कर्जा प्रवाह गरिनेछ।

४.<u>**स्टार्टअप उद्यमको क्षेत्रः**</u> (१) स्टार्टअप उद्यमको क्षेत्र <u>अनुसूची-१</u> बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा सम्भव भए सम्म उपदफा (१) बमोजिमको क्षेत्रमा कर्जा प्रवाह गरिनेछ।

५.<u>**स्टार्टअप उद्यमको योग्यताः**</u> (१) यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्न देहाय बमोजिमका योग्यता पुरा गरेका उद्यमीहरु योग्य हुनेछन्ः

(२) १८ वर्ष देखि ४० वर्ष सम्मको बरोजगार युवा,

(३) नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तरगत रहको बैदेशिक रोजगार बिभाग बाट श्रम स्वीकृति लिइ कम्तिमा दुई वर्ष विदेशमा काम गरी नेपाल फर्केको स्थानीय व्यक्ति।

(४) परियोजना प्रस्ताव पेश गरेको,

(५) वैदेशिक रोजगारीमा रहदा सिकेको सीपको प्रमाण खुल्ने कागज पत्र वा मान्यता प्राप्त संस्थाबाट कुनै व्यावसायिक तालिम लिएको प्रमाण पत्र,

प्रमुख प्रशासकीय अधिकृत

(६) परियोजान स्वीकृत भए पश्चात निम्न कार्य गर्नु पर्नेः

(क) गाउँपालिका भित्र स्थायी बसोबास गरेको नेपाली नागरीक

(ख) सहकारी संस्था वा बैङ्क वा वित्तिय संस्थाबाट कर्जा नलिएको स्वघोषणा गरेको व्यक्ति,

(ग) परियोजना प्रस्ताव स्वीकृत भएको १५ दिन भित्र व्यवसायलाई वडा कार्यालय, गाउँपालिका तथा आन्तरीक राजश्व कार्यलयमा दर्ता गरी रोजगार सेवा केन्द्रमा पेश गर्ने।

(घ) नवीन एवम् सृजनशिल सोचलाई उद्यम व्यवसायको रूपमा रूपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएको।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका व्यवसायलाई स्टार्टअप उद्यम मानिने छैनः-

(क) प्रचलित कानून बमोजिम पहिलेनै व्यवसायको रुपमा दर्ता भएको,

(ख) वस्तु वा सेवा विदेशबाट आयात गरी बिक्री वितरण गर्ने /गरिने व्यवसाय,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको

(घ) दफा १२ बमोजिम प्रकाशित सूचनाको मिति भन्दा पछि दर्ता भएको,

६.**कर्जाको सीमाः** (१) कार्यविधि वमोजिम कर्जाको प्रवाह गर्न सहकारी संस्थालाई वित्तीय सक्षमता, सेयर पुँजी, बचत रकम र परियोजना प्रस्ताव स्वीकृतिका आधारमा गाउँपालिका र सहकारी संस्था विच अनुसूची-२ बमोजिम सम्झौताका सर्तको अधिनमा रहि कर्जा प्रवाह गरीनेछ।

(२) यस कार्यविधि बमोजिम लक्षित व्यक्तिले पेश गरेको कर्जा परियोजना प्रस्तावको आधारमा अधिकतम तीनलाख रुपियाँ सम्म कर्जा प्रदान गरिनेछ।

(३) यस कार्यविधि बमोजिम प्रदान कर्जा सहकारी संस्था मार्फत प्रवाह गरिनेछ।

(४) यस कार्यविधि बमोजिम सहकारी मार्फत कर्जा प्रवाह गर्दा किस्ताबन्दीमा उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम कर्जा उपलब्ध गराउँदा कर्जाको पहिलो किस्ता रकमको सदुपयोगिता अध्ययनका आधारमा दोर्स्रो किस्ता उपलब्ध गराईनेछ।

(६) कर्जा कार्यक्रममा संलग्न हुने लक्षित समूहले परियोजना प्रस्ताव अनुसार स्वीकृत भएको रकमको पचाँस प्रतिशत स्वपुँजी लगानी गर्ने सुनिश्चता गर्नु पर्नेछ।

७.**धितो सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम कर्जा लिने व्यक्तिलाई सहकारी ऐन २०७४ ले व्यवस्था गरे बमोजिम आवश्यक घर जग्गा धितो लिई कर्जा लगानी गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

(२) घर जग्गा धितो लिई कर्जा प्रवाह गर्दा सम्बन्धित सहकारी संस्थाले धितो रोक्का राख्नु सक्नेछ।

(३) उपदफा (१) बमोजिम घरजग्गा धितो नभएका व्यक्तिहरुका लागि कर्जा लगानी गर्दा देहायबमोजिमका आधारमा कर्जा लगानी गर्नु पर्नेछ।

(क) अचल सम्पत्ति नभएको अवस्थामा सम्बन्धित व्यक्तिबाट स्वघोषणा,

(ख) निजका एकाघर परिवारका सवै बालिक सदस्यको व्यक्तिगत जमानी,

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(४) कर्जा लगानी गर्दा छनौट भएको सहकारी संस्था र नौगाड गाउँपालिका बिच कर्जा लगानी सम्बन्धि <u>अनुसूची-२</u> बमोजिम सम्झौता गर्नु पर्नेछ।

८. **<u>कर्जाको भुक्तानी अवधीः</u>** (१) यस कार्यविधि अनुसार उपलब्ध गराउने कर्जा आवधिक प्रकृतिको हुनेछ।

(२) उपदफा (१) बमोजिक कर्जाको अवधि परियोजनाको नगत प्रवाहको आधारमा बढीमा ३ तीन वर्षसम्म हुनेछ।

(३) सावाँ तथा ब्याजको किस्ता निर्धारण गर्दा परियोजनाको नगत प्रवाहका आधारमा सहकारी संस्थाले आफ्नो सहकारी नियमका आधारमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता निर्धारण गर्नसक्ने।

(४) आय आर्जन सृजना हुन समय लाग्ने परियोजनाको लागि कम्तिमा पाँच महिना सम्म ग्रेस अवधि दिन सकिनेछ।

(५) तीन वर्षको अवधि पुरा भए पश्चात प्रदान गरिएको कर्जा सम्बन्धित उद्यमीबाट सावाँ पुँजी असुल गरि सहकारी संस्थाले स्टार्टअप कर्जाकोषमा जम्मा गर्नुपर्नेछ।

९.**<u>ब्याजदर तथा सेवाशुल्कः</u>** (१) ब्याजदर तथा सेवाशुल्क सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः

(क) यस कार्यवधि अनुसार कर्जा प्रवाह गर्दा सहकारी संस्थाले वार्षिक रुपमा बढीमा ३ (तीन) प्रतिशतका दरले ब्याज लिन सक्नेछन।

(ख) कर्जा प्रवाह गरिने ब्याजदर कर्जा प्रवाह समितिको निर्णयमा समय समयमा परिवर्तन तथा निर्धारण गर्न सक्नेछ।

(ग) कर्जा उपभोग गर्ने व्यक्तिले तोकिएको समयमा ब्याज र किस्ता नबुझाएको खण्डमा सहाकारी संस्थाले निर्धारित ब्याजदरमा बढीमा १ (एक) प्रतिशत हर्जना ब्याज लिन सक्नेछ।

(३) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा सहकारी संस्थाले यस कार्यविधिको दफा (९) को उपदफा (१) बमोजिमको ब्याजदर तथा कुनै पनि सेवा शुल्क लिन पाईने छैन।

१०. **<u>सहकारी संस्थालाई रकम हस्तान्तरण सम्बन्धि व्यवस्थाः</u>** (१) परियोजना स्वीकृतिका आधारमा कर्जा लगानी समितिको सिफारिसमा गाउँपालिकाले सहकारी संस्थालाई दुई किस्तामा रकम उपलब्ध गराउँनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराएको रकम सम्बन्धित सहकारी संस्थाले छुटै खाता सृजना गरी पालिकाको सिपारिसको आधारमा लक्षित व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ।

(३) सहकारी संस्थाले लक्षित वर्गलाई रकम उपलब्ध गराउँदा सहकारी ऐन २०७४ तथा सम्बन्धित सहकारी संस्थाको नियम अनुसार उक्त सहकारी संस्थाको सदस्य तथा सेर कारोबार गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम पहिलो किस्ता भुक्तान पाउन लक्षित व्यक्तिले देहाय मापदण्ड तथा कर्जा लगानी समितिको सिफारिसका आधारमा गर्नु पर्नेछ।

(क) वडा कार्यालय/गाउँपालिका व्यवसाय दर्ताको प्रमाणपत्र,

(ख) आन्तरीक राजश्व कार्यलयमा व्यवसाय दर्ताको प्रमाणपत्र,

(ग) निजी घर, जमिन तथा सटरमा व्यवसाय संचालन गर्ने भएमा एका घरपरिवारका बालिक सदस्यहरुको सहमति पत्र,

(घ) वाहलमा व्यवसाय सञ्चालन गर्ने भएमा सम्बन्धित धनि सँग कम्तिमा तीन वर्षको कागि गरिएको व्यवसाय सम्झौता पत्र,

(ङ) व्यवसाय अनुसार नौगाड गाउँपालिका प्राविधिक शाखाले तयार पारिएको अनुमानित प्राविधिक अनुमान,

(च) अनुगमन समितिको प्रतिवेदन,

(छ) उपकरण खरिद भए सक्कल बिल तथा भरपाई।

(५) उपदफा (१) बमोजिम दोस्रो किस्ता भुक्तान पाउन लक्षित व्यक्तिले देहाय मापदण्ड तथा कर्जा लगानी समितिको सिफारिसका आधारमा गर्नु पर्नेछ;

(क) अनुगमन समितिको प्रतिवेदन,

(ख) प्राविधिक अनुमान अनुसार कार्य सम्पन्न प्रतिवेदन,

(ग) वडा कार्यालयको सिफारिस,

(घ) पशु व्यवसायको हकमा खरिद गरिएका चौपायाहरुको आधिकारीक फर्म तथा व्यवसाय बाट खरिद गरिएका सक्कल बिलबिजकहरु (हाते भरपाईहरु मान्य हुने छैन)

११.**कर्जा लगानी समिति सम्बन्धमाः** (१) यस कार्यविधि अनुसार देहाए बमोजिमको ७ सदस्यिय कर्जा लगानी समिति रहनेछ;

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) | आर्थिक विकास समिति संयोजक | सदस्य |
| (च) | उद्योग व्यवसाय प्रवर्द्धन एकाई प्रमुख | सदस्य |
| (छ) | रोजगार संयोजक (रोजगार सेवा केन्द्र) | सदस्य सचिब |

१२.**कर्जा लगानी समितिका काम कर्तव्य तथा अधिकारः** (१) कर्जा लगानी समितिका काम कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः

(क) उद्यमीले पेश गरेका कर्जा परियोजना मुल्याङ्कन तथा स्वीकृत गर्ने,

(ख) कर्जा लगानीका लागि सहकारी संस्था छनौट तथा स्वीकृत गर्ने,

(ग) कार्यपालिका तथा गाउँसभा बाट कर्जा लगानीका लागि आवश्यक बजेटको सुनिश्चित गर्ने,

(घ) कर्जा लगानीयोग्य नदिखिएमा प्रस्तावका सम्बन्धमा आवेदकलाई जानकारी दिने,

(ङ) कर्जा प्रस्ताव परियोजनाहरुको नियमित अनुगमन, निरक्षण गरी अनुगमन गर्ने,

(च) उद्यमीहरुलाई व्यवसाय सँग सम्बन्धित जोखिम व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धि आवश्यक परामर्श तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

(छ) अनुगमन समितिको प्रतिवेनका आधारमा सहकारी संस्थालाई कर्जा रकम प्रवाह गर्ने।

(ज) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

१३.**सूचना प्रकाशन गर्नेः** (१) यस कार्यविधि अनुरुप स्टार्टअप कर्जा कार्यक्रममा सहभागि हुन गाउँपालिकाले आधिकारीक वेवसाइट तथा वडा कार्यालय मार्फत पन्ध्र दिनका लागि सूचना प्रकाशन गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

(२) यस कार्यविधिको दफा (५) मा उल्लेख लक्षित समूहले उद्यमको क्षेत्र प्रथमिकतामा राखी कर्जा कार्यक्रममा सहभागी हुन १५ दिनको सूचना प्रकाशन गर्नेछ।

१४.**परियोजना प्रस्ताव फारम पेश गर्नुपर्ने:**(१) कर्जा कार्यक्रममा सहभागी हुन लक्षित समूहले अनुसूची -३ बमोजिमको परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) कर्जा आवेदकले परियोजना परियोजना प्रस्तावको साथ पेस गर्नुपर्ने आवश्यक कागजात अनुसूची-४ बमोजिम हुनेछ।

१५.**कर्जा स्वीकृति प्रक्रिया:** (१) कर्जा स्वीकृति पूर्व देहायबमोजिम अध्ययन तथा निरीक्षण गरी संस्थागत परीक्षण गरिनेछ :

(क) रितपूर्वक पेस भएका कर्जा प्रस्ताव साथ संलग्न कागजात जाँचबुझ गरेपछि कुनै कागजात अपुग वा स्पष्ट नभएमा वा थप विवरण चाहिएमा अपुग वा अस्पष्ट कागजात माग गर्नुपर्ने,

(ख) माग भएका कागजात पेस गर्न नसकेमा वा कर्जा अनुसूची-४ बमोजिमका कागजात नपुगेमा कर्जा लगानी समितिले कर्जा माग प्रस्ताव अस्वीकृत गर्न सक्नेछ,

(ग) कर्जा लगानी समितिले परियोजना तथा क्षेत्रको निरीक्षण गर्नुपर्ने देखिएमा कर्जा स्वीकृति पूर्व स्थलगत निरीक्षणसमेत गर्ने,

(घ) खण्ड (ग) बमोजिम निरीक्षण गर्दा संस्थाका सञ्चालक र ग्राहकसँग भेटघाट गरी संस्थाको कारोबार सम्बन्धमा आवश्यक जानकारी लिने,

(ङ) खण्ड (घ) बमोजिम जाँचबुझ गर्ने क्रममा आवश्यकताअनुसार व्यक्ति वा संस्थाको कारोबारसँग सम्बन्धित सङ्घ-संस्था, कम्पनी वा व्यक्तिसँग सम्पर्क गरी शोधपूर्व तथा विवरण प्राप्त गर्ने,

(च) एक पटक निरीक्षण गरिसकेका संस्थाबाट कर्जा माग हुन आएमा पूर्व निरीक्षणका आधारमा पेस भएका कागजात छानविन्न गरी कर्जा माग उपर कारबाही गर्न वा थप निरीक्षण गर्नुपर्ने देखिएमा सो गरी कारबाही टुङ्ग्याउने।

(छ) लगानीपूर्व निरीक्षणमा सहकारी संस्थाको देहायका पक्षमा अध्ययन गरिनेछ :

(१) संस्थाका सञ्चालकको प्रतिबद्धता, योग्यता, अनुभव, कार्यदक्षता, व्यवस्थापन क्षमता तथा कार्यकुशलता,

(२) संस्थाको कर्जा नीति तथा कार्यविधि,

(३) संस्थाको कर्जासम्बन्धी कार्यसम्पादनको परिमाण, गुणस्तर तथा कर्जा कारोबारको अनुगमन प्रणाली,

(४) संस्थाले सञ्चालन गरिरहेका परियोजनाको स्थलगत उपलब्धि परिणाम तथा प्रभाव,

(५) संस्थाको कर्मचारी व्यवस्थापन, कार्यसम्पादन मुल्याङ्कन तथा प्रोत्साहन प्रणाली,

(६) संस्थाको कारोबारका तुलनामा कर्मचारी सङ्ख्या र कार्यकुशलता,

(७) संस्थाको वित्तीय अवस्था,

(८) संस्थाको व्यवस्थापन सूचना प्रणाली,

(९) संस्थाको लेखा प्रणाली,

(१०) संस्थाको आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली,

(११) संस्थाको कर्मचारी तथा ग्राहक तालिम व्यवस्था।

१६.<u>**कार्य परियोजना प्रस्ताव पेस गर्नुपर्ने :**</u>(१) कार्य आवेदकले देहायको विवरण कार्य लिने निकायमा आवेदनसाथ पेस गर्नुपर्नेछ :

(क) परियोजनाको उद्देश्य,

(ख) परियोजना सञ्चालन गर्ने स्थान,

(ग) आवश्यक पर्ने कुल रकम,

(घ) स्वपूँजी,

(ङ) कर्जा रकम,

(च) स्वरोजगार वा रोजगार हुने सङ्ख्या,

(छ) कर्जा रकम उपयोग गर्ने तालिका,

(ज) परियोजनाबाट आय सिर्जना हुन लाग्ने समय,

(झ) सम्भावित प्रतिफल,

(ञ) सहकारी संस्थालाई सावाँब्याज बुझाउने तालिका,

(ट) नविनतम ज्ञान, सोच तथा प्रविधिको प्रयोग।

१७.<u>**प्रस्ताव मूल्याङ्कनका आधारः**</u> (१) दफा १४ बमोजिम पेश हुन आएका कर्जा परियोजना प्रस्तावको कर्जा लगानी समितिले देहायका विषयमा आधारित भई <u>अनुसूची-५</u> बमोजिमको अङ्कभारको आधारमा मूल्याङ्कन गर्नु पर्नेछः

(क) उद्यम वा नवीनतम सोचको हालको अवस्था,

(ख) प्रविधिको प्रयोग,

(ग) परियोजना बाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना,

(घ) परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत,

(ङ) परियोजनाको लागि आवश्यक पूर्वाधारको उपलब्धता,

(च) जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय,

(छ) व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण र रोजगारी सिर्जना,

(ज) क्रेडिटअ प्राइजल।

(२) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव कर्जा लगानी समितिले परियोजना प्रस्ताव सँग सम्बन्धित थप विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव कर्जा लगानी समितिलाई कुनै दुविधा उत्पन्न भएमा यस कार्य विधिको भावना प्रतिकूल नहुने गरी प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

१८.**प्रस्ताव मूल्याङ्कन प्रक्रिया :**(१) कर्जा लगानी समितिले दफा (१७) बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः

(क) दफा (१४) बमोजिम दर्ता हुन आएका प्रस्ताव सूची प्रकाशित गर्ने,

(ख) दफा (५) बमोजिम योग्य प्रस्तावको प्रारम्भिक सूची तयार गर्ने,

(ग) व्यावसायिक प्रस्तावको दफा (१७) बमोजिम मूल्याङ्कन गरी प्राथमिकताको आधारमा सूची तयार गर्ने।

१९.**व्यावसायिक राय परामर्श:**(१) यस कार्यविधि बमोजिमको कर्जा बाट सञ्चालित उद्यमलाई उत्प्रेरित गरी उद्यमीको काममा आत्म विश्वास बढाउन शाखा/समितिले कर्जाको अवधिभर आवश्यकता अनुसार व्यावसायिक तथा व्यवस्थापन सम्बन्धी परामर्श प्रदान गर्नेछ।

२०.**उद्यमीको कर्तव्यः** यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्ने उद्यमीको देहाय बमोजिमको कर्तव्य हुनेछः-

(क) उद्देश्य बमोजिम कर्जा रकमको प्रयोग गर्ने,

(ख) सम्झौता बमोजिम कर्जाको साँवा र ब्याज रकम भुक्तानी गर्ने,

(ग) नियामक निकायबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,

(घ) आफूले गरेको उद्यमको प्रगति प्रतिवेदन वार्षिक रुपमा कर्जा प्रवाह गर्ने शाखा वा सहकारी संस्थामा पेशगर्ने,

स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२

प्रमुख प्रशासकीय अधिकृत

(ङ) कर्जा अवधि भित्र व्यवसाय बिक्रि बा छोडन पाईने छैन,

(च) कुनै कारण विशेषले छोड्नु परे कोषबाट लगेको सम्पुर्ण रकम साँवा व्याज सहित सहकारीलाई भुक्तान गर्नुपर्नेछ।

(छ) कर्जा लागानी समिति वा सहकारी संस्थाले दिएको निर्देशनको पालना गर्ने।

२१. **<u>कर्जा अनुगनम समिति सम्बन्धमाः</u>** (१) यस कार्यविधि बमोजिम प्रवाह गरेको स्टार्टअप कर्जाको प्रभावकारी कार्यान्वय भएको नभएको हेर्न र सुधारका लागि पृष्ठपोषण दिन देहाय बमोजिमको ७ (सात) सदस्यिय कर्जा अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका उपाध्यक्ष | सँयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) | आर्थिक विकास समिति संयोजक | सदस्य |
| (ङ) | कार्यपालिका महिला सदस्य २ जना | सदस्य |
| (च) | योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिब |

२२. **<u>अनुगमन तथा प्रतिवेदनः</u>** (१) यस कार्य विधि बमोजिम उपलब्ध कर्जा बाट सञ्चालित उद्यमको प्रगति अनुगमन सम्बन्धित शाखा तथा कर्जा अनुगनम समितिलेगर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन सम्बन्धी प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र <u>अनुसूची-६</u> बमोजिमको ढाँचामा सम्बन्धित शाखाले कर्जा लागानी समितिमा पेशगर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा यस कार्यविधि विपरीत हुने गरी कुनै उद्यम गरे वा गराएको पाइएमा अनुगमन गर्न खटिएको शाखा तथा समितिले निश्चित समयावधि तोकी त्यस्तो उद्यममा सुधार गर्न सम्बन्धित उद्यमीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम दिइएको निर्देशन अनुरूप निर्धारित समया वधिभित्र आवश्यक सुधार भएको नपाइएमा त्यस्तो उद्यमीलाई कर्जाको साँवा र ब्याज तत्काल फिर्ता गर्न निर्देशन दिन सक्नेछ।

(५) उद्यम सञ्चालन गर्ने उद्यमीले आफ्नो उद्यममा भएको प्रगति, सञ्चालनको अवस्था, कठिनाइ, सम्बद्ध शाखा, सहकारी संस्था र अन्य क्षेत्र बाट अपेक्षा गरेको सहयोग समेतका विषय खुलाई कर्जा लगानी समिति समक्ष वार्षिक रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

२२. **<u>सिफारिस गर्न सक्नेः</u>** (१) कर्जा प्राप्त गर्ने उद्यमी लेदफा (८) बमोजिम कर्जा भुक्तानी नगर्ने उद्यमीलाई कर्जा लागानी समितिको सिफारिसमा सम्बन्धित निकायमा नौगाड गाउँपालिकाले देहाय बमोजिमको सिफारिस गर्न सक्नेछः-

(क) कर्जा लाई प्रचलित कानून बमोजिम खराब कर्जामा गणना गर्न,

(ख) उद्यमीको नाममा रहेको कुनै चलअचल सम्पती रोक्काराख्न,

(ग) कुनै बैंक तथा वित्तीय संस्थामा रहेको खाता रोक्का राख्न।

२३.**<u>प्रचलित कानून बमोजिम हुनेः</u>** (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-१**

दफा (४) उपदफा (१) सँग सम्बन्धित

स्टार्टअप उद्यमको क्षेत्र देहाय बमोजिमका रहनेछन:

**<u>क) व्यवसायीक पशुपालनः</u>**

१. उन्नत जातको गाईपालन

२. उन्नत जातको भैंसी

३. चौरीगाई पालन

**<u>ख) इलेक्ट्रिकल तथा मेकानिकल व्यवसायः</u>**

१. मोबाइल इलेक्ट्रोनिक्स

२. विधुतीय मोटर, पङ्खा, फ्रिज, एसी, इन्भर्टर, विधुतीय चुल्लो, मिक्सचर मेसिन जस्ता विधुतिय उपकरण मर्मत तथा जडान

३. हाउस वाइरिङ

४. प्लम्बिङ

५. मोटरसाईकल तथा अटोरिक्सा मर्मत

**<u>ग) साना व्यवसाय वा उद्योगः</u>**

१. फर्निचर निर्माण (पलङ, सोफासेट, किचन रयाक, डिनर टेवल, कुर्सी, टीटेवल, ह्याङगर आदी)

२. नाई (कपाल काट्ने)

३. मार्वल तथा टायल बिछ्याउने व्यवसाय

४. कटाई सिलाई व्यवसाय

५. फोटो स्टयुडियो (फोटो खिच्ने र धुलाई गर्ने, फोटो फ्रेमिङ, फोटोग्राफी)

६. गुडिया (डल) बनाउने तथा बेच्ने

७. मसला बनाउने व्यवसा

८. बिभिन्न प्रकारका अचार बनाउने व्यवसाय

९. नमकिन बनाउने व्यवसाय

१०. ब्युटी पार्लर व्यवसाय

स्टार्टअप उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

**घ) परम्परागत सीपमा आधारीत तथा स्थानीय स्रोत साधन प्रयोग गरी सञ्चालनहुने व्यवसायहरुः**

१. निगाला तथा बासँको डोका, डाला, भकारी, नाङ्लो, चित्रा/मोट्टा आदि बनाउने व्यवसाय
२. परम्परागर वाद्य बाजा बानाउने व्यवसाय
३. अल्लो तथा उनकको कपडा बनाउने व्यवसाय
४. गलौंचा बनाउने व्यवसाय
५. हाते होजेरी (स्वेटर, गलबन्दी, मोचा, टोपी तथा पन्जा आदि)
६. पुर्खौली आरन व्यवसाय (पलामका कृषि औजार बनाउने, फलाम, पितल, तामा, एलमुनीयमका भाडा वर्तन आदि बनाउने)
७. काठका बिभिन्न भाडाहारु बनाउने व्यवसाय जस्तै; ठेकी, करुवा आदि।

**ङ) स्थानीय बजारमा प्रचलनमा रहेका साना व्वसायः**

१. फास्ट फुड सम्बन्धि (चाउमिन, मःमः, फ्राइड राईस) व्यवसाय
२. पानीपुरी, चटपट व्यवसाय
३. फलफूल, तरकारी, दलहन सम्बन्धि संकलन तथा बिक्री केन्द्र सम्बन्धि व्यवसाय
४. डेरी, वेकरी तथा मिठाई व्यवसाय (दुधका परिकार; दहि, महि, पनिर बनाउने, आईसक्रिम बनाउने र बेच्ने आदि)
५. फ्रेस हाउस (मासु पसल)

स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -२

### दफा (६) को उपदफा (१) सँग सम्बन्धित

गाउँपालिका र सहकारी संस्था बिच स्टार्टअप उद्यम कर्जा
प्रवाह सम्बन्धी हुने सम्झौता फाराम ढाँचा

नौगाड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय होपरीगाड दार्चुला र ........................................................ सहकारी संस्था तथा गाउँपालिका बिच भएको सम्झौता।

नौगाड गाउँकार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिएको) र दार्चुला जिल्ला, नौगाड गाउँपालिका, वडा नं......... मा रहेको................................................संस्था बिच (यसपछि दोस्रो पक्ष भनिएको) का बिच स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारी सृजना, उद्यमशीलता बिकास, आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले युवाहरुलाई प्रदान गर्ने स्टार्टअफ उद्यम कर्जा व्यवस्थापनलाई पार्दर्शी, उत्पादन मूलक क्षेत्रमा लगानी गर्न, बेरोजगार युवालाई स्थानीय स्तरमा रोहगारी सृजना गरी बाध्यातमक वैदेशिक रोजगारीको अन्त्य गर्न तथा युवाहरुलाई दिने कर्जा लाई सर्वशुलभ बनाउनदेहायका कार्य/शर्तको अधिनमा रही दोस्रो पक्षले प्रथम पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो सम्झौता गरी एक/एक प्रति आपसमा बुझि/लियौं दियौं।

(१) यस कार्यविधि बमोजिम .........................................................व्यवसायका सञ्चालक श्री.........................................लाई नौगाड गाउँपालिका कर्जा लगानी समितिको सिफारिसमा कर्जा रकम रु.......................(अक्षरेपी.................................................) दोस्रो पक्षले स्वीकार गर्ने।

(२) यस कार्यविधि बमोजिम प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने उद्यम कर्जाको अवधी तीन वर्षको हुनेछ

(३) यस कार्यविधि बमोजिम प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने उद्यम कर्जाको सावाँ रकम तीन वर्ष पश्चात पहिलो पक्षलाई स्टार्टअप कर्जाकोषमा जम्मा गर्नु पर्नेछ।

(४) सावाँ पुँजी वा मुल पुँजी फर्ता गर्दा दोस्रो पक्षले प्रथम पक्षलाई कुनै पनि थप रकम भुक्तान गर्नु पर्ने छैन।

(५) नौगाड गाउँपालिकाले कर्जा लगानी समितिको सिफारिसमा दोस्रो पक्षले युवाहरुलाई उद्यम कर्जा उपलब्ध गराउनेछ, उपलब्ध गराइएको कर्जा रकम दोस्रो पक्षले पहिलो पक्षको सिफारिसको आधारमा युवा उद्यमीहरुलाई उपलब्ध गराउने।

प्रमुख प्रशासकीय अधिकृत

(६) यस कार्यविधि मार्फत उपलब्ध गराइएको उद्यम कर्जा रकम प्रथम पक्षले दोस्रो पक्षलाई दुई किस्तामा उपलब्ध गराउने छ र उक्त कर्जा रकम समितिको सिफारिसको आधारमा दोस्रो पक्षले उद्यमीलाई उपलब्ध गराउने।

(७) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको उद्यम कर्जा रकम सहकारी ऐन २०७४ ले व्यवस्था गरे बमोजिम वा यस कार्यविधिको दफा (६) उपदफा (१), (२) र (३) ले व्यवस्था गरे बमोजिम गर्ने।

(८) यस कार्यवधि अनुसार कर्जा प्रवाह गर्दा दोस्रो पक्षले उद्यमी सँग व्यवस्थापनकीय खर्चका लागि वार्षिक रुपमा बढीमा ३ (तीन) प्रतिशतका दरले ब्याज लिन पाउनेछ।

(९) कर्जा प्रवाह गरिने ब्याजदर कर्जा प्रवाह समितिको निर्णयमा समय समयमा परिवर्तन तथा निर्धारण गर्न सक्नेछसोको जानकारी प्रथम पक्षले दोस्रो पक्षलाई गराउनु पर्नेछ।

(१०)कर्जा उपभोग गर्ने व्यक्तिले तोकिएको समयमा ब्याज र किस्ता नबुझाएको खण्डमा दोस्रो पक्षले निर्धारित ब्याजदरमा बढीमा १ (एक) प्रतिशत हर्जना ब्याज लिन सक्नेछ।

(११)यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा दोर्स्रो पक्षले यस कार्यविधिको दफा (८) को उपदफा (१) बमोजिमको ब्याजदर वाहेक तथा कुनै पनि सेवा शुल्क नलिने।

(१२) यस कार्यविधि बमोजिम उपलब्ध गराएको रकम सम्बन्धित दोस्रो पक्षले छुटै खाता सृजना गरी पालिकाको सिपारिसको आधारमा लक्षित व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ।

(१३)दोस्रो पक्षले लक्षित वर्गलाई कर्जा रकम उपलब्ध गराउँदा सहकारी ऐन २०७४ तथा सम्बन्धित सहकारी संस्थाको नियम अनुसार उक्त संस्थाको सदस्य तथा सेर कारोबार गर्न सक्नेछ

| **प्रथम पक्षः** | **दोस्रो पक्षः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः अध्यक्ष |
| मितिः | मितिः |
| | |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः आर्थिक शाखा प्रमुख (लेखापाल) | पदः व्यवस्थापक |
| मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छापः |

स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची -३

## दफा (१४) को उपदफा (१) सँग सम्बन्धित
## स्टार्टअप कर्जा परियोजना प्रस्तावको ढाँचा

श्री कर्जा लागानी समिति, नौगाड गाउँकार्यपालिकाको कार्यालय,
होपरीगाड, दार्चुला।

**विषय : संक्षिप्त कर्जा परियोजना प्रस्ताव सम्बन्धमा।**

मैले स्वरोजगार जन्य ................................................ व्यवसाय सञ्चालनको लागि लागत रू................. उद्यम कर्जा प्राप्त गर्नेका लागि श्रीमान समक्ष यो परियोजना प्रस्ताव पेश गर्दछु।

**(१) व्यक्तिगत तथा पारिवारीक विवरणः**

(क) उद्यमीको नामः.......................................................................................

(ख) ठेगानाः...............................................................................................

(ग) वैदेशिक रोजगारीमा गएको देशः...........................................................

(घ) वैदेशिक रोजगारीमा रहदा सिकेको सीपः......................... वर्षः..........................

(ङ) सम्पर्क नम्बरः.........................................ईमेलः..........................................

(च) परिवारका सदस्य सम्बन्धि विरवण

| क्र.सं. | नाम | उद्यमी संगको नाता | उमेर | रोजगार/स्वरोजगार |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |

स्टार्टअफ उद्यम कर्जा (स

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**(२)परियोजना/उद्यम सम्बन्धी विवरणः**

(क) सम्भावित कर्जा परियोजनाको नामः..................................................................

(ख) कर्जा परियोजनाको क्षेत्रः..........................................................................

(ग) परियोजना सञ्चालन गर्ने स्थानः ...................................................................

(घ) परियोजना सञ्चालन गर्ने स्थानः आफ्नै व्यक्तिगत/लिजमा लिएको/भाडाकोः.................

(ङ) परियोजनाको उद्देश्य (पचास सब्द नबढ्ने गरी) : ..................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(च) कर्जा परियोजनाको परिचय (एक सय सब्द नबढ्नेगरी);..........................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

.........................................................................................................।

(छ) कर्जा परियोजनामा प्रयोक हुने कच्चा पदार्थः....................................................

(ज) कर्जा परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको पाईने स्रोत (कुनै एकमा चिनो लगाउनु होस)

१. स्थानीय स्तरमा उपलब्ध

२. विदेशबाट आयात गर्नु पर्ने

प्रमुख प्रशासकीय अधिकृत

३. स्वदेशी बजार नेपालको कुनै भुभागमा पाईने

(झ) कर्जा परियोजनाको मार्फत उत्पादन हुने बस्तु तथा सेवा बिक्रिको बजार (कुनै एकमा चिनो लगाउनु होस)

१. स्थानीय बजार

२. स्वदेशी बजार

३. अन्तराष्ट्रिय बजार

४. स्वदेशी बजार/अन्त

(ञ) कर्जा परियोजना बाट उत्पादित बस्तु तथा सेवाको बजार व्यवस्थापन तथा बजारीकरण सम्बन्धी रणनीति (पचास सब्द नबढ्नेगरी बुदागत रुपमाः

(१)..........................................................................................

(२)..........................................................................................

(३)..........................................................................................

(४)..........................................................................................

..........................................................................................

(ट) ब्यवसाय सम्बन्धि सम्भावित जोखिमहरुः

(१)..........................................................................................

(२)..........................................................................................

(३)..........................................................................................

जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएका उपायहरुः

(१)..........................................................................................

(२)..........................................................................................

(३)..........................................................................................

(ड) परियोजनाका लागि आवश्यक पूर्वाधारको उपलब्धताः

(१) आफ्नो भवन/सटर/जमिन (छ/छैन)

(२) व्यवसाय गर्ने स्थानमा सडक सञ्जाल (छ/छैन)

(३) व्यवसायीक भवन वा स्थानमा खानेपानी/सिचाँई/विधुत जडान (छ/छैन)

**(३) परियोजनाको लागत सम्बन्धि विवरणः**

(क) आवश्यक पर्ने कुल रकमः रु. ..........................................................................

(ख) स्वपुँजी (आफ्नो तर्फबाट लगाइने रकम): रु. ........................................................

(ग) कर्जा रकम (कार्यक्रम मार्फत प्राप्त हुने कर्जा रकम): रु. ........................................

कर्जा रकम उपयोग गर्ने तालिका :

प्रथम किस्ता रकम रु. ...................................................

दोस्रो किस्ता रकम रु. ...................................................

(घ) व्यवसायमा रकम लगाउने योजनाः

(के के वस्तु सामग्री के कतिमा खरिद/निर्माण गरिने कारोबार/प्रयोजन/उल्लेख गर्ने)

१. ...................................................खरिद/निर्माण...................................

२. ................................................... खरिद/निर्माण रु. .............................

३. ................................................... खरिद/निर्माण रु. .............................

(ङ) व्यवसायबाट आय आर्जन/सिर्जना हुन लाग्ने अनुमानित समयः .......दिन/महिना/वर्ष ।

(च) व्यवसायबाट आय प्राप्त हुने तालिका :दैनिक/मासिक/त्रैमासिक आय प्राप्त हुने रु. ....

(छ) सहकारी संस्थालाई सावाँ ब्याज बुझाउने तालिकाःत्रैमासिक ब्याज रकम रुः............

(ज) (२०...... साल .........महिनादेखि बुझाउने)सावाँ रकमको किस्ताः

मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक किस्ता रकम रु. ..................... (२०......

साल ................ महिनादेखि बुझाउने)

**(४) परियोजनाबाट हुने रोजगारीको सृजनाः**

(क) स्वरोजगार वा रोजगार हुने संख्याःघरको .....................जना, अन्य ..............जना

(ख) आगामी एक वर्षको अवधिमा थप रोजगारी सिर्जनाको सम्भावना संख्याः.....................

(ग) दक्ष श्रमिकको पूर्ती (कुनै एकमा चिन्ह लगाउनुहोस्)

१. स्वयम दक्ष रहेको

२. स्थानीय श्रमिकको प्रयोग

३. स्वदेशी श्रमिकको प्रयोग

४. वैदेशिक श्रमकको प्रयोग

**माथि उल्लेखित विवरणहरु सही साँचो छन् र कर्जा प्रवाह सम्बन्धी शर्त स्वीकार्य छ भनी प्रस्ताव पेश गर्नेकोः**

**नामः**

**हस्ताक्षरः**

**मितिः**

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-४

दफा (१४) को उपदफा (२) सँग सम्बन्धित

**(१) कर्जा परियोजना प्रस्तावका साथ पेश गर्नुपर्ने कागजपत्रहरुः**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बैदेशिक रोजगारीबाट फर्केको भए पासपोर्टको प्रतिलिपि तथा वैदेशिक रोजगारीमा गएको र आएको स्ट्याम्प लागाएको पानाको प्रतिलिपि,

(ग) वैदेशिक रोजगारीमा सिकेको सीप प्रमाणित गर्ने कागजातको प्रतिलिपि,

(घ) स्थायीवसोबासरपरिवारको सदस्यकोविवरण उल्लेखगरेकोसम्बन्धितवडाको सिफारिस पत्र,

(ङ) कुनै व्यवसाय तथा रोजगारीमा संलग्न नभएको स्वघोषणा।

**(२) कर्जा परियोजना स्वीकृत भए पश्चात पेश गर्नु पर्ने कागजातहरुः**

(क) कर्जा परियोजना स्वीकृत भएको १५ दिन भित्र देहायका कागजातहरु पेश गर्नु पर्नेः

(१) वडा अथवा गाउँपालिकामा कर्जा प्रस्ताव अनुसारको नयाँ व्यवसाय दर्ताको प्रमाणपत्र,

(२) आन्तरीक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र,

(३) व्यवसाय सञ्चाचान गर्ने स्थान स्वयमको भए लालपुर्जाको प्रतिलिपि, परिवारको सदस्यको नाममा भए सञ्चालन अनुमति पत्र, बहालमा भए कम्तीमा ३ वर्षका लागि बहाल सम्झौता पत्र,

(४) संरचना बनाउनु पर्ने व्यवसायको हकमा प्राविधिक लागत अनुमान।

**(३) दोस्रो किस्ता माग गर्न संलग्न गर्नु पर्ने कागजातहरुः**

(ख) प्राविधिक लागत अनुमान अनुरुप कार्यपुरा भएको वा कार्य सम्पन्न प्रतोवेदन,

(ग) सम्बन्धित शाखा तथा कर्जा लागानी समितिको अनुगमन प्रतिवेदन,

(घ) वडा कार्यलयको सिफारिस

(ङ) सक्कल बिलहरु (श्रमिक ज्याला वाहेक अन्य आर्थिक कारोबारका भरपाईहरु मान्यहुने छै

स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-५

दफा (१७) को उपदफा (१) सँग सम्बन्धित

परियोजना प्रस्ताव मूल्याङ्कनको आधार

| क्र.सं. | मुल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | उद्यम वा नवीनतम सोचको हालको अवस्था<br>• नवीनतम सोच मात्र रहेको -५<br>• न्यूनतम सम्भाव्य वस्तु -२<br>• व्यवसायिक उत्पादन-३ | १० | |
| २ | वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति | ५ | |
| ३ | अनुसूची -१को खण्ड (घ) को (६) सँग सम्बन्धित व्यवसाय भएमा | ५ | |
| ४ | प्रविधिको प्रयोग<br>• प्रविधिको आंशिक प्रयोग भएमा -५<br>• प्रविधिको पूर्ण प्रयोग भएमा - १० | १० | |
| ५ | परियोजनाको उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना<br>• अन्तर्राष्ट्रिय बजारमा वस्तु वा सेवाको निर्यात हुने सम्भावना -७<br>• स्वदेशी बजारमा वस्तु वा सेवा बिक्रीको सम्भावना -१०<br>• स्वदेश र अन्तर्राष्ट्रिय बजारमा वस्तु वा सेवा बिक्रीको सम्भावना - १५ | १५ | |
| ६ | परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चापदार्थको स्रोत (कुनै एक)<br>• विदेशी कच्चापदार्थको प्रयोग -३<br>• स्वदेशी कच्चापदार्थमा आधारित -७ | १० | |

स्टार्टअफ उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | • स्थनीय कच्चापदार्थमा आधारित-१० | | |
| ७ | परियोजनाको लागि आवश्यक पूर्वाधारको उपलब्धता (भवन, जग्गा, सडक, सञ्चार, खानेपानी, विद्युत, उद्योगको प्रकृति अनुसार)<br>• परियोजना सञ्चालनका लागि न्यूनतम पूर्वाधारको उपलब्धता भए - १०<br>• परियोजना सञ्चालनका लागि अधिकांश पूर्वाधारको उपलब्धता भए - १५ | १५ | |
| ८ | जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय<br>• प्रस्तावित परियोजनाको जोखिम विश्लेषण-७<br>• जोखिम न्यूनीकरण तथा व्यवस्थापनकोयोजना-१० | १५ | |
| ९ | व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण र रोजगारी सिर्जना<br>• परियोजना प्रतिको आत्मविश्वास -५ (अधिकतम)<br>• परियोजना सम्बन्धी सूचनाको प्रस्तुती -१ (अधिकतम)<br>• परियोजनाको SWOT Analysis गर्न सक्ने क्षमता - ५ (अधिकतम)<br>• रणनीतिक कुशलता -२ (अधिकतम)<br>• ५ जना भन्दा बढी रोजगारी सिर्जना -२ | १५ | |

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-६

दफा (२२) को उपदफा (२) सँग सम्बन्धित

## अनुगमन प्रतिवेदन

१.परियोजनाको नामः ..........................................................................................

२.ठेगानाः ....................................सम्पर्क टेलिफोन/मोबाइल नं.:..................................

३.परियोजना कार्यान्वयन गर्ने उद्यमीको नामः ........................................................................

४.परियोजना स्वीकृत भएको मितिः ......................................................................................

५.परियोजना प्रस्तावक र सहकारी बिच कर्जा सम्झौता मितिः ..............................................

६.परियोजनामा प्रवाह गरिएको कर्जाः जम्मा रु. ...........................................................

प्रथम किस्ता कर्जाः लिएको/नलिएको (लिएको भए कर्जा रुः ................. मितिः ............)

दोस्रो किस्ता कर्जाः लिएको/नलिएको (लिएको भए कर्जा रुः ................. मितिः ............)

७.कर्जाको किस्ता भुक्तानीको अवस्थाः ...............................................................................

८.परियोजनाको सुरु मितिः ................................................................................................

९.परियोजना सम्पन्न हुनुपर्ने मितिः ...................................................................................

१०. परियोजनाको सुरु लागत रकमः ...........................................................................

११. परियोजनामा कार्यरत पूर्णकालीन कामदार संख्याः ....................................................

१२. यसअघि भएको अनुगमनः

मिति ...................... अनुगमन गर्ने निकायः ...........................

मिति ...................... अनुगमन गर्ने निकायः ...........................

मिति ...................... अनुगमन गर्ने निकायः ...........................

१३. परियोजनाको सुरु मूल्याङ्कन तथा छनौट गर्दा लिइएका आधारहरू बमोजिम प्रगतिको अवस्थाः

(क) ......................

(ख)......................

(ग)......................

(घ)......................

१४. परियोजना कार्यान्वयनमा देखिएका समस्या र कारणः .................................................

..........................................................................................................................

..........................................................................................................................

प्रमुख प्रशासकीय अधिकृत

१५. समस्या समाधान गर्न सम्बन्धित तहबाट भएको प्रयासः ..................................................

..............................................................................................................................

..............................................................................................................................

१६. समस्या समाधान गर्ने जिम्मेवार निकाय/अधिकारीः ....................................................

१७. अनुगमन गर्ने अधिकारीबाट दिइएका मुख्य सुझावः

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

१८. दिइएका सुझावमा उद्यमीको प्रतिक्रियाः ......................................................................

..............................................................................................................................

१९. प्राविधिक लागत अनुमान अनुसार कार्य भए/नभएकोः......................................................

..............................................................................................................................

१९. अनुगमन मितिः ..........................................................................................................

२०. अनुगमन गर्ने अधिकारीको नामः ...................................................................................

दर्जाः ...................................

कार्यालयः .............................

दस्तखतः ..............................

मितिः .................................

आज्ञाले,

पुष्कर सिह धामी

प्रमुख प्रशासकीय अधिकृत

स्टार्टअप उद्यम कर्जा (सञ्चालन तथा व्यवस्थापन)